# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०३।२४ गते

# प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा।

-----------------------------------------------------

बारा जिल्ला पचरौता नगरपालिकाका ईन्जिनियर राम प्रकाश सतराले पचरौता नगरपालिकास्थित विद्यालयको कम्पाउण्ड वाल निर्माण सम्पन्न भए पश्चात नियमानुसार भुक्तानीका लागि सिफारिस गर्नुपर्नेमा सो नगरी विभिन्न बहाना गरी सेवाग्राहीसँग घुस/रिसवत माग गरेको तथा सोही नगरपालिकाका नायव सुब्बा बद्रीबहादुर थापाले महिला सशक्तीकरणसम्बन्धी अनुशिक्षण तालिम कार्यक्रमको भुक्तानीका लागि सिफारिस गर्नुपर्नेमा सो नगरी विभिन्न बहाना गरी सेवाग्राहीसँग घुस/रिसवत रकम माग गरेको भन्ने सूचना एवम् उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा, मकवानपुरबाट खटिई गएको टोलीले निज इन्जिनियर राम प्रकाश सतरा र कार्यालय सहयोगी धुव्र महतोलाई सम्बन्धित सेवाग्राहीसँग रू.१५,०००।—(पन्ध्र हजार) र निज नायव सुब्बा बद्रीबहादुर थापालाई सम्बन्धित सेवाग्राहीसँग रू.१४,०००।—(चौध हजार) घुसवापतको रकम लिइसकेको अवस्थामा उक्त घुसवापतको रकम सहित निजहरूकै कार्यालय परिसरबाट रङ्गेहात नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता